लुम्बिनी प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

www.mosd.lumbini.gov.np
mosd5@gmail.com
082590461

पत्र संख्या :२०८२/०८३
चलानी नम्बर:

## स्वयंसेवक पदका लागि दरखास्त दिने सम्बन्धी सूचना।

सूचना प्रकाशित मिति: २०८२।०९।३०

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका स्वयंसेवकका पदमा पदपूर्ति गर्नुपर्ने भएकोले २०८२/१०/१४ गते भित्र यस मन्त्रालय अन्तर्गतका सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयहरुमा दरखास्त पेश गर्नको लागि सूचित गरिन्छ।

तपसिल

| क्र.सं. | विज्ञापन नम्वर | पद | सेवा/समूह/ उपसमूह | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|
| १ | १०१/०८२/०८३ | इन्जिनियर | इन्जि./सिभिल | खुला | १ |
| २ | २०१/०८२/०८३ | सव इन्जिनियर | इन्जि./सिभिल | खुला | २ |
| ३ | २०२/०८२/०८३ | | | आदिवासी जनजाति | १ |
| ४ | ३०१/०८२/०८३ | सहायक कम्प्युटर अपरेटर | विविध | खुला | २ |
| ५ | ३०२/०८२/०८३ | | | आदिवासी जनजाति | १ |
| ६ | ३०३/०८२/०८३ | | | मधेसी | १ |
| ७ | ४०१/०८२/०८३ | अनमी | स्वास्थ्य | खुला | १ |

रिक्त स्वयंसेवक पद र कार्यालय विवरण

| क्र.सं. | पद | कार्यालय/विद्यालय | पद संख्या |
|---|---|---|---|
| १ | इन्जिनियर | सामाजिक विकास डिभिजन कार्यालय दाङ | १ |
| २ | सव इन्जिनियर | सामाजिक विकास डिभिजन कार्यालय प्यूठान | १ |
| | | सामाजिक विकास डिभिजन कार्यालय पाल्पा | १ |
| | | सामाजिक विकास डिभिजन कार्यालय दाङ | १ |
| ३ | सहायक कम्प्युटर अपरेटर | सामाजिक विकास डिभिजन कार्यालय प्यूठान | १ |
| | | सामाजिक विकास डिभिजन कार्यालय कपिलवस्तु | १ |
| | | सामाजिक विकास डिभिजन कार्यालय पाल्पा | १ |
| | | सामाजिक विकास डिभिजन कार्यालय दाङ | १ |
| ४ | अनमी | श्री इश्वरी मावि चारपाला गुल्मी | १ |

दरखास्त दिने स्थान: सामाजिक विकास डिभिजन कार्यालय दाङ, सामाजिक विकास डिभिजन कार्यालय प्यूठान, सामाजिक विकास डिभिजन कार्यालय कपिलवस्तु र सामाजिक विकास डिभिजन कार्यालय पाल्पा।

दरखास्त दिने अन्तिम मिति २०८२/१०/१४ गते सम्म

दरखास्त दस्तुर : निशुल्क

उप-सचिव

लुम्बिनी प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

www.mosd.lumbini.gov.np
mosd5@gmail.com
082590461

पत्र संख्या :२०८२/०८३

चलानी नम्बर:

न्यूनतम योग्यता र सेवा सुविधाः

१.इन्जिनियर/सिभिल/जनरल

आवश्यक न्यूनतम योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको, नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको, प्रचलित कानुनबमोजिम सरकारी सेवाका लागि अयोग्य नठहरिएको, यस अघि राष्ट्रिय विकास स्वयंसेवक सेवामा स्वयंसेवकको रुपमा नियुक्त नभएको नेपाली नागरिक हुनुपर्ने छ ।

मासिक निर्वाह भत्ताः रु ३५०००।– र चाडपर्व खर्च रु ६०००।-

२. सब इन्जिनियर/सिभिल/जनरल

आवश्यक न्यूनतम योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा डिप्लोमा वा सो सरह उत्तीर्ण गरेको, प्रचलित कानुनबमोजिम सरकारी सेवाका लागि अयोग्य नठहरिएको, यस अघि राष्ट्रिय विकास स्वयंसेवक सेवामा स्वयंसेवकको रुपमा नियुक्त नभएको नेपाली नागरिक हुनुपर्ने छ।

मासिक निर्वाह भत्ताः रु २८०००/- र चाडपर्व खर्च वार्षिक रु ६०००/-

३.सहायक कम्प्युटर अपरेटर

आवश्यक न्यूनतम योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.इ.इ वा सो सरह उत्तीर्ण गरी कम्प्युटर विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त, प्रचलित कानुनबमोजिम सरकारी सेवाका लागि अयोग्य नठहरिएको, यस अघि राष्ट्रिय विकास स्वयंसेवक सेवामा स्वयंसेवकको रुपमा नियुक्त नभएको नेपाली नागरिक हुनुपर्ने छ ।

मासिक निर्वाह भत्ताः रु २५०००/- र चाडपर्व खर्च वार्षिक रु ६०००/-

४.अनमी

आवश्यक न्यूनतम योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट अनमी वा सो सरह उत्तीर्ण गरेको, नर्सिङ काउन्सिलमा दर्ता भएको, प्रचलित कानुनबमोजिम सरकारी सेवाका लागि अयोग्य नठहरिए यस अघि राष्ट्रिय विकास स्वयंसेवक सेवामा स्वयंसेवकको रुपमा नियुक्त नभएको नेपाली नागरिक हुनुपर्ने छ ।

मासिक निर्वाह भत्ताः रु २५०००/- र चाडपर्व खर्च वार्षिक रु ६०००/-

**दरखास्तका साथ पेश गर्नुपर्ने कागजातः** नेपाली नागरिकताको प्रमाणपत्र, बसाईंसराईंको प्रमाणपत्र (बसाईंसराईं भएकाको हकमा मात्र) सम्बन्धित काउन्सिल/परिषद् (आवश्यक पर्नेको हकमा)मा दर्ता भएको प्रमाण पत्र, तोकिएको न्यूनतम तथा सो भन्दा मुनिका शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम आवश्यक पर्नेमा सोको प्रमाण पत्र र समकक्षता आवश्यक पर्नेमा सोको प्रमाणपत्रको सक्कल बमोजिम नक्कल ठिक छ भनी उम्मेदवारले प्रमाणित गरेको प्रतिलिपी । रीत नपुगेको दरखास्त जुनसुकै समयमा रद्द गर्न सकिनेछ।

**परीक्षाको किसिम :**छोटो सूची र अन्तर्वार्ता

उप-सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

www.mosd.lumbini.gov.n
mosd5@gmail.com
082590461

पत्र संख्या :२०८२/०८३
चलानी नम्बर:

तोकिएका समावेशी समूहबाट पदपूर्ति हुन नसकेमा पद तथा विषय क्षेत्र मिल्ने अन्य समूहबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारबाट सो रिक्त पद पदपूर्ति गरिनेछ।

**अन्तर्वार्ताको स्थान र समयः** अन्तर्वार्ताको स्थान र समय छोटो सूचीको सूचना प्रकाशनको समयमा तोकिने

**पदस्थापनको आधारः** अन्तिम नतिजामा प्राप्त योग्यताक्रमका आधारमा यसै सूचनामा तोकेको रिक्त निकाय/कार्यालयहरुमा पदस्थापन गरिनेछ।

करार अवधिः एकपटकमा ६ महिनामा नबढ्ने गरी अधिकतम २ वर्षसम्म।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन**

प्रतिशत निर्धारण गर्दा जुन समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ।

**क.आदिवासी जनजातिका हकमाः** नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

**ख.मधेशीका हकमा** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थावाट मधेशी भनी प्रमाणित गरेको कागजात वा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

स्थायी बसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, माथी उल्लेखित ऐनले तोकेका जिल्लामा विवाह गरी वा बसाईँसराई गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईँसराईको हकमा छाडेको र गएको स्थानीय तहको बसाईँसराई गरेको कागजात।

उप-सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

फोटो

## स्वयंसेवक आवेदन फाराम

१. आवेदन गरेको पद :

| क) खुला | | ख) समावेशी | |
|---|---|---|---|
| विज्ञापन नम्बर (खुलाको हकमा) | | विज्ञापन नम्बर (समावेशीको हकमा मात्र) | |
| | | | |
| | | | |

२. वैयक्तिक विवरण

| | |
|---|---|
| १. नामथर (देवनागरीमा) | |
| २. (अंग्रेजी ठूलो अक्षरमा) | |
| ३. लिङ्ग | |
| ४. जन्म मितिः | वि.सः |
| | ई.सः |
| ५. नागरिकताको विवरण | नागरिकता नंः |
| | जारी गर्ने जिल्लाः |
| | जारी मितिः |
| ६. बाबुको नाम,थर | |
| ७. आमाको नाम, थर | |
| ८. बाजेको नाम, थर | |

३. स्थायी ठेगानाः

| | |
|---|---|
| १. जिल्लाः | |
| २. न.पा./गा.पाः | |
| ३. टोलः | |
| ४. मार्ग/ घर नं. | |
| ५. सम्पर्क नं. | |
| ६. पत्राचार गर्ने ठेगानाः | |
| ७. ईमेल ठेगानाः | |

| | |
|---|---|
| ८. शैक्षिक योग्यता: | |
| ९. तालिमको विवरण: | |

४. शैक्षिक योग्यताको विवरण:

(आवेदन फाराम भरेको पदका लागि मात्र चाहिने आवश्यक न्यूनतम् शैक्षिक योग्यता र तालिम मात्र उल्लेख गर्ने)

| विश्व विद्यालय/ बोर्ड | शैक्षिक उपाधि | संकाय | श्रेणी प्रतिशत/जि.पि.ए | मूल विषय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

५. तालिम

| तालिमको विषय | तालिम प्रदायक संस्था | स्थायी ठेगाना | अवधि (मितिसहित) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

मैले यस अघि राष्ट्रिय योजना आयोग तथा यस प्रदेशबाट स्वयंसेवकमा नियुक्ति भई कार्य गरेको छैन, मैले यस आवेदनमा खुलाएका सम्पूर्ण विवरणहरु सहि र सत्य छन्। आवेदन बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटेको वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम भएमा मेरो मन्जुरी हुनेछ। आवेदकले पालना गर्ने भनी प्रचलित कानून बमोजिम तथा यस दरखास्त फारमका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु।

६. आवेदकको सहिछाँप

| दायाँ | बायाँ | आवेदकको विवरण | |
|---|---|---|---|
| | | नाम, थर | |
| | | दस्तखत | |
| | | मिति | |

७. अन्य विवरण (कार्यालय प्रयोजनका लागि मात्र)

| आवेदन रूजू गर्नेको | आवेदन स्वीकृत वा अस्वीकृत गर्ने अधिकारीको |
| --- | --- |
| दस्तखत: | दस्तखत: |
| नाम, थर: | नाम, थर: |
| पद : | पद : |

८. आवेदनको अवस्था:

| | |
| --- | --- |
| १. अवस्था (स्वीकृत/अस्वीकृत) | |
| २. स्वीकृत आवेदन नम्बर: | |
| ३. आवेदन अस्वीकृत भए सोको कारण: | |

द्रष्टव्य:

आवेदन फाराम साथ सूचनामा उल्लेखित लगायतका निम्न लिखित कागजातहरू अनिवार्य रूपमा आवेदकले आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ:

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

२. शैक्षिक योग्यता (एस.एल.सी. देखि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्म) को प्रमाणपत्रका प्रतिलिपि ।

३. समकक्षता आवश्यक पर्नेमा सोको प्रमाणपत्रको प्रतिलिपि।

४. स्वास्थ्य सेवाको हकमा मेडिकल काउन्सिल वा स्वास्थ्य व्यावसायी परिषद् वा नेपाल नर्सिङ परिषद्मा दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।

५. इन्जिनियरको हकमा नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।

६. तालिम आवश्यक हुनेको हकमा तालिम प्रमाणपत्रको प्रतिलिपि ।

७. शिक्षकको हकमा अध्यापन अनुमति पत्रको प्रमाणपत्रको प्रतिलिपि।

८. समावेशी पदको हकमा तोकिएको प्रमाणपत्रको प्रतिलिपि।